# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल
(कृषि विकास शाखा)

पत्र संख्याः २०८३/०८४
चलानी नं.:

मितिः२०८३/०५/३१

<u>कार्यक्रममा निवेदन/प्रस्ताव पेश गर्ने सम्वन्धि सूचना।</u>
(दोस्रो पटक प्रकाशन मितिः २०८३/०५/३१)

प्रस्तुत विषयमा बर्दघाट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखाको आ.व २०८३/०८४ को तपसिल वमोजिमका स्वीकृत वार्षिक कार्यकमहरु सञ्चालन गर्नुपर्ने भएकाले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक यस नगरपालिका अन्तर्गतका व्यवसायिक कृषक, कृषि फर्म तथा कृषक समुहहरुले आवश्यक कागजात सहित ७ दिन अर्थात २०८३/०६/०६ गते भित्र बर्दघाट नगरपालिकाको कृषि विकास शाखामा माग निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क. स. | कार्यक्रमहरु | सञ्चालन हुने क्रियाकलापहरु |
|---|---|---|
| १. | च्याउ बाली प्रवर्धन कार्यकम (५० प्रतिशत अनुदानमा) | च्याउको बीउ तथा प्लाष्टिक थैला, च्याउ उत्पादन गर्न आवश्यक सामाग्री तथा भौतिक पुर्वाधारहरु। |
| २. | नविनतम कृषि प्रविधि प्रवर्धन कार्यकम (५० प्रतिशत अनुदानमा) | टनेल प्लास्टिक, मल्चिङ्ग प्लाष्टिक, स्मार्ट सिंचाई प्रणाली (थोपा सिंचाई र Sprinkler Irrigation), Insect Net, Power Spray। |

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:</u>

१. माग निवेदन (कार्यालयमा प्राप्त हुने)।
२. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र।
३. कृषि फार्म/संस्था हकमा दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपि र पान नम्बर प्रमाण-पत्रको प्रतिलिपि।
४. गत आ.व. को कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपि।
५. समुहको हकमा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि र समुहको बैठक निर्णयको प्रतिलिपि।
६. व्यक्तिगत कृषकको हकमा नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि।

..............................
बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

बोधार्थ
श्री सबै वडा कार्यालयहरु सूचना प्रवाह गरिदिनुहुन।
श्री सूचना प्रविधि शाखा - वेवसाइट तथा सामाजिक सञ्जालमा अपलोड गरिदिनुहुन।